इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना-४, कुरिनटार चितवन
बागमती प्रदेश, नेपाल

आज मिति २०८१।०७।१२ गते सोमबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिव |

अन्य उपस्थितिः

१. श्री उद्गम तिमिल्सिना, लेखा अधिकृत
२. श्री वासु पण्डित, अधिकृत सातौं, प्रशासन शाखा
३. श्री तेज कुमार धमला, अधिकृत छैठौं, प्रशासन शाखा

Scanned with CamScanner

## कार्यपालिकाको प्रस्तावित/बैठक कार्यसूची

बैठक संख्या: ४६
अध्यक्षता: श्री दान बहादुर गुरुङ
बैठक मिति: २०८१।०७।१२
बैठक स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समय: विहान ८:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।०७।१२ | ८:०० बजे | निर्माण व्यवसायीहरुलाई कालो सूचीमा राख्न सिफारिस गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १ |
| २०८१।०७।१२ | ८:१५ बजे | कार्यालयलाई परेको मुद्दाको प्रतिरक्षा गर्न कार्यालय र कार्यालयका पदाधिकारीहरुको तर्फबाट अदालतमा उपस्थित हुन प्रतिनिधि खटाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | २ |
| २०८१।०७।१२ | ८:३० बजे | सडक बोर्ड नेपालको योजना छनोट सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ३ |
| २०८१।०७।१२ | ८:४५ बजे | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरु छनोट सम्बन्धमा। | रोजगार सेवा केन्द्र | ४ |
| २०८१।०७।१२ | ९:०० बजे | एपोलो मुग्लिङ्ग यूथ एसोसिएशन, इ.गा.पा.-५, मुग्लिङ्गलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | सामाजिक विकास शाखा | ५ |
| २०८१।०७।१२ | ९:१५ बजे | इलाका प्रहरी कार्यालय मुग्लिङ्ग, चितवनले कार्यालय प्रयोजनको लागि छपाई, स्टेशनरी तथा मसलन्द सामग्रीहरु खरिद गरेको बिलहरु भुक्तानी सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ६ |
| २०८१।०७।१२ | ९:३० बजे | राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत कार्ड खोज्ने दर्ता सहयोगीको रुपमा खटिएका सहयोगी कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा। | पञ्जीकरण शाखा | ७ |
| २०८१।०७।१२ | ९:४५ बजे | गाउँपालिका र इच्छाकामना आधारभूत अस्पतालमा सेवा करारमा कर्मचारीहरु पदपूर्ति गर्ने सम्बन्धमा। | प्रशासन शाखा | ८ |
| २०८१।०७।१२ | १०:०० बजे | वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा। | विपद् व्यवस्थापन शाखा | ९ |
| २०८१।०७।१२ | १०:१५ बजे | Integrated Digital Village Profile को रकम भुक्तानी सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | १० |
| २०८१।०७।१२ | १०:३० बजे | परामर्श सेवा खरिद सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ११ |
| २०८१।०७।१२ | १०:४५ बजे | शैक्षिक भ्रमणको लागि आर्थिक सहयोग सम्बन्धमा। | शिक्षा शाखा | १२ |
| २०८१।०७।१२ | ११:०० बजे | विभिन्न क्लव तथा समूहहरुलाई सामग्री सहयोग सम्बन्धमा। | प्रशासन शाखा | १३ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २०८१।०७।१२ | ११:१५ बजे | २०८१ सालको इच्छ[illegible]मी मेला सञ्चालन सम्वन्धमा। | प्रशासन शाखा | १४ |
| २०८१।०७।१२ | ११:३० बजे | ठेक्का नं. NCB/IRM/10/081/082, "Upperdangadi Parisharma Kothghar Puna Nirman tatha Purwadhar Nirman" कार्यका लागि बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुसँग उक्त निर्माण कार्यसँग सम्बन्धित आवश्यक थप कागजात माग गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १५ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना-४, कुरिनटार चितवन
बागमती प्रदेश, नेपाल

**पूर्व बैठकको समीक्षा**

मिति २०८१।०६।०७ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**४६ औं कार्यपालिका बैठकको निर्णयहरुः**

निर्णय नं.१: इच्छाकामना गाउँपालिकाद्वारा सञ्चालित तपसिलमा उल्लिखित योजना (ठेक्का) हरुको निर्धारित मितिमा नै काम सम्पन्न गर्न पटक पटक ताकेता गर्दा समेत सम्झौता अनुसारको काम सम्पन हुन नसकेको साथै भएको कामको समेत Functioning Specification Match नभएको हुँदा मिति २०७९।१०।१८ र मिति २०८१।०६।१५ गतेको अध्यक्ष स्तरीय निर्णय समेतका आधारमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा रहेको व्यवस्था बमोजिम कालो सूचीमा समावेश गर्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालय तहाचल, काठमाडौंमा लेखी पठाउने ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम र ठेगाना | सम्झौता मिति | सम्पन्न हुनुपर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | NCB/IRM/05/O77/078 | Hattibang Chauki Sadak Excavation Works | Om Atut Construction, Hetauda-16, Makwanpur | २०७७।११।१४ | २०७८।०३।१५ | कार्य सम्पन्न हुन नसकेको |
| २. | NCB/IRM/09/O79/080 | Baspur Khanepani Lifting Yojana | Crater Construction Pvt. Ltd. Madhyapur Thimi, Lokanthali-1, Bhaktapur | २०७९।११।१६ | २०८०।०३।०५ | Functioning Specification Match नभएको |

निर्णय नं.२: यस कार्यालय विरुद्ध भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा. वडा नं. १ स्थित क्रेटर कन्स्ट्रक्सन प्रा.लि. का तर्फबाट अख्तियार प्राप्त संचालक आदित्यराज तिमिल्सिनाको वारेस मकवानपुर जिल्ला, मकवानपुरगढी गाउँपालिका वडा नं. ७ बस्ने स्मृति अधिकारी (ना.प्र.प.नं. ३१-०१-७९-०१७५९) का तर्फबाट पेश भएको रिट निवेदनका सम्बन्धमा उच्च अदालत पाटन, हेटौंडा इजलासबाट जारी भएको सूचना म्याद रिट निवेदन नं. ०८१-WO-००३१ (रिट) का सम्बन्धमा अदालतमा उपस्थित हुने, कानून व्यवसायी नियुक्त गरी प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने लगाएतका सम्पूर्ण कार्य गर्न यस कार्यालयका तर्फबाट पाल्पा जिल्ला, रिब्दीकोट गाउँपालिका वडा नं. ८ (साविक फेक-७, पाल्पा), वर्ष २७ का हाल यस गाउँ कार्यपालिकाको कार्यालयका ईन्जिनियर (अधिकृतस्तर सातौं) श्री कमल राउत र स्याङ्जा जिल्ला वालिङ नगरपालिका वडा नं. ५, वर्ष ३६ का हाल यस गाउँ कार्यपालिकाको कार्यालयका असिस्टेन्ट सब-ईन्जिनियर (सहायकस्तर चौथो) श्री बिष्णु प्रसाद पाण्डेलाई अख्तियारी प्रदान गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

निर्णय नं. ३: आ.व. २०८१।०८२ मा स्थानीय सडक निर्माण, सम्भार कार्यको लागि सडक वोर्ड नेपालबाट विनियोजित वजेट कार्यान्वयन गर्न गत आ.व. मा समेत छनोटमा परेको जलविरे-चनौटे सडक मर्मत सुधार योजनालाई निरन्तरता दिँदै उक्त योजना सञ्चालनको लागि आवश्यक प्रकृया पुरा गरी बोर्डबाट सहमति लिने।

निर्णय नं.४: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१।०८२ का लागि तपसिल अनुसारका योजनाहरु छनौट गर्ने।

तपसिल:

| क्र. सं. | वडा नं. | योजनाको नाम | रकम | कैफियत /जना |
|---|---|---|---|---|
| १ | १ | कोलभञ्ज्याङ क्याङसिराङ सातधारा गोरेटो बाटो मर्मत | रु. ४,००,८००।०० | ६ |
| २ | १ | सयरलिङ गाउँदेखी स्कुलसम्म गोरेटो सिढी बाटो मर्मत | रु. २,६७,२००।०० | ४ |
| ३ | १ | वडा कार्यालय थुम्का खोलाघारी खानेपानी | रु. १,३३,६००।०० | (२) वडा साझेदारी (रु.५,००,०००) |
| ४ | १ | रमासिङ देखी कालिङसम्म गोरेटो बाटो मर्मत | रु. १,३३,६००।०० | २ |
| ५ | २ | फालिमटार पुल देखि दुम्किम रोडसम्म सिँढी मर्मत | रु. १,३३,६००।०० | २ |
| ६ | २ | चिसापानीटार उपरदाङगढी सम्म पद मार्ग निर्माण | रु. २,६७,२००।०० | ४ |
| ७ | २ | ओर्ल्याङ हपनीसम्म सिढी मर्मत | रु. २,००,४००।०० | ३ |
| ८ | २ | तल्लो काउले कोटारी सम्म सिढी निर्माण | रु. ६६,८००।०० | १ |
| ९ | २ | सिद्धकाली मन्दिर सिढी मर्मत | रु. ६६,८००।०० | १ |
| १० | २ | पाथिभरा वालगौरी मन्दिर सिढी मर्मत | रु. ६६,८००।०० | १ |
| ११ | ३ | धोद्रेवाच सिढी बाटो निर्माण | रु. १,३३,६००।०० | (२) वडा साझेदारी (रु.२,००,०००) |
| १२ | ३ | सिमलफेद धारापानी सिढी बाटो निर्माण | रु. १,३३,६००।०० | (२) वडा साझेदारी (रु.१,००,०००) |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १३ | ३ | पानराडीटोल सिढी बाटो निर्माण | रु. १,३३,६००।०० | (२) वडा साझेदारी (रु.१,००,०००) |
| १४ | ३ | नयाँ चौतारा सिढी बाटो निर्माण | रु. १,३३,६००।०० | (२) वडा साझेदारी (रु.२,००,०००) |
| १५ | ४ | स्याक्लाङको घुम्ति देखि तिनघरे सम्म सिढी बाटो मर्मत | रु. २,००,४००।०० | ३ |
| १६ | ४ | बिसौना ठाडो बाटो देखि केराबारी सम्म सिढी बाटो मर्मत | रु. १,३३,६००।०० | २ |
| १७ | ५ | साठीमुरे होमस्टे वाल निर्माण सम्पन्न | रु. १,३३,६००।०० | २ |
| १८ | ५ | पामडाँडा समी चौतारा निर्माण | रु. १,३३,६००।०० | २ |
| १९ | ५ | सौरगैरा पहिरो ग्याविनजालिको काम | रु. १,३३,६००।०० | २ |
| २० | ५ | बोक्सेर्ना देखी पामडाँडा स्कुल सम्म गोरेटो बाटो मर्मत | रु. २,००,४००।०० | ३ |
| २१ | ६ | मुढेवास काटिश्वरा गोरेटोबाटो मर्मत | रु. २,६७,२००।०० | ४ |
| २२ | ६ | जलबिरे याकराङ गोरेटोबाटो मर्मत सम्भार | रु. २,६७,२००।०० | ४ |
| २३ | ६ | चौतारा हे.पो गोरेटोबाटो मर्मत सम्भार | रु. ६६,८००।०० | १ |
| २४ | ६ | सुनाचरी सिढीबाटो मर्मत सम्भार | रु. १,३३,६००।०० | २ |
| २५ | ६ | दुई किलो कालिखोला गोरेटो बाटो मर्मत सम्भार | रु. १,३३,६००।०० | २ |
| २६ | ६ | तुन्तेस मोटर बाटो जालि भर्ने | रु. १,३३,६००।०० | २ (साझेदारी) |
| २७ | ७ | घट्टेकुना सिचाई कुलो निर्माण | रु. ६६,८००।०० | १ (गा.पा साझेदारी) |
| २८ | ७ | चेपुवा देखि दाहाखानी गोरेटो बाटो मर्मत | रु. २००४००।०० | ३ |
| २९ | ७ | लखनाकोट देखी दारसिङ गोरेटो बाटो मर्मत | रु. २००४००।०० | ३ |
| | | जम्मा | रु. ४६७६०००।०० | |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

निर्णय नं.५: गाउँपालिकाको वडा नं. ५ मुग्लिङ्गमा रहेको एपोली मुग्लिङ्ग युथ एसोसिएशनले २०८१ सालको विजया दशमीको अवसर पारेर सञ्चालन गरेको युवामा लागूपदार्थको दुरुपयोग विषयमा केन्द्रित सचेतनामूलक विविध सांस्कृतिक कार्यक्रमको लागि गाउँपालिकाको तर्फबाट आर्थिक सहायता स्वरुप प्राप्त बिल भर्पाईका आधारमा बढिमा रु. ५०,०००।- (अक्षेरेपि पचास हजार मात्र) रकम उपलब्ध गराउने।

निर्णय नं.६: इलाका प्रहरी कार्यालय मुग्लिङ्गले कार्यालय सञ्चालन प्रयोजनार्थ विभिन्न मितिमा खरिद गरेको छपाई, स्टेशनरी तथा मसलन्द समाग्रीको माग फाराम, खरिद आदेश, दाखिला प्रतिवेदन, विल/भर्पाई लगाएत अन्य आवश्यक कागजात सहित भुक्तानीको लागि अनुरोध गरेको रु. ९४,८२०।-(अक्षरेपि चौरानब्वे हजार आठ सय बीस मात्र) रकम सम्वन्धित फर्मको नाममा भुक्तानी दिने।

निर्णय नं.७: राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा कार्ड खोज्ने दर्ता सहयोगीको रुपमा खटिएका सहयोगी कर्मचारीहरुको सम्झौतामा उल्लिखित रकम वरावरको पारिश्रमिक यस गाउँपालिकाको कार्यालयबाट भुक्तानी दिने।

निर्णय नं.८: इच्छाकामना आधारभूत अस्पतालमा मेडिकल अधिकृत १ (एक) जना रिक्त रहेको र अत्यावश्क रहेकोले तत्कालको लागि दैनिक डोर हाजिरीमा भरतपुर महानगरपालिका वडा नं. १२ स्थायी ठेगाना भएका अभिषेक कन्दङ्वा लाई नियुक्त गर्ने र यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तरगत रिक्त रहेका तपसिलमा उल्लिखित पद, तह र संख्यामा सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने।

तपसिल:

| क्र.सं. | पद | तह | संख्या |
|---|---|---|---|
| १. | मेडिकल अधिकृत | अधिकृतस्तर आठौं | १ |
| २. | मनोसामाजिक परामर्शकर्ता | सहायकस्तर पाचौं | १ |
| ३. | अ.न.मी. | सहायकस्तर चौथो | २ |
| ४ | अ. हे. व. | सहायकस्तर चौथो | १ |

निर्णय नं.९: मिति २०८१।०६।१३ गते यस गाउँपालिका गाउँ कार्यपालिका अन्तर्गतको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री सन्त बहादुर मगरज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णय अनुमोदन गर्ने।

निर्णय नं.१०: यस गाउँपालिकाको Integrated Digital Village Profile निर्माणको लागि मिति २०७९।१२।१३ गते सार्प रिसर्च प्रा. लि. अनामनगर काठमाण्डौ सँग सम्झौता भई कार्य प्रारम्भ गरिएको र स्थानीय गणकहरुवाट यथार्थ विवरण संकलनमा पर्याप्तता र विश्वसनियता भरपर्दो नदेखिएकोले र प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा निर्माण भएको प्रोफाइलमा परिमार्जन गर्नुपरेको कारण उक्त सम्झौताको म्याद थप समेत भएकोले पुनः टोल विकास संस्थाहरु, सम्बन्धित गणकहरु, यस पालिका भित्रका अनुभवी शिक्षकहरु र सम्बन्धित वडा कार्यालयको समन्वय र सहकार्यमा

दान बहादुर कुमाल
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

परिमार्जित विवरण प्राप्त भएकोले पछिल्लो पटक प्राप्त तथ्याङ्कलाई समावेशगरि गाउँपालिकाको Integrated Digital Village Profile तयार भएकोले उक्त कार्य सम्पन्न गर्न लागेको खर्च सहित सम्झौता बमोजिमको रकम भुक्तानी दिने ।

निर्णय नं. ११: आर्थिक वर्ष २०८१।०८२ मा इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक तपसिल बमोजिमका कार्यहरु परामर्श सेवा मार्फत खरिद गर्ने।

तपसिलः

(क) त्रिशुली नदि अन्तर्गत ४ नं. वडाको धारापानी बगर र ३ नं वडाको जिवन बगर सोही वडाको वारवाङ खोला, ६ नं वडाको काली खोला र ७ नं वडाको गर्दास खोलाको प्रारम्भिक वातावरणीय परिक्षण IEE प्रतिवेदन तयार।

(ख) गाउँपालिका क्षेत्रभरको सडक गुरुयोजना तयार।

(ग) गाउँपालिकाको दोस्रो आवधिक योजना निर्माण।

(घ) भरतपुर महानगरपालिका ११ नं वडाबाट शुरु भई धमिलि खोला हुँदै इच्छाकामना गाउँपालिका ७ नं वडा सिमलधाप जोड्ने सडक कालोपत्रे गर्ने प्रयोजनको लागि सिमलधाप धमिली खोला जखढीमाई सडक योजनाको DPR तयार।

निर्णय नं. १२: यस गाउँपालिका ४ नं. वडा अन्तरगत रहेको श्री सर्वशान्ती माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत छात्र छात्राहरुलाई शैक्षिकभ्रमण कार्यका लागी सम्बन्धित विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको निवेदन र ४ नं. वडा कार्यालयको मिति २०८१।०७।०७ को च नं ४३८ को सिफारिस समेत प्राप्त भएकोले गाउँपालिकाको शैक्षिक संघ संस्था सहायता शिर्षकबाट रु. २०,०००।- (बीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने ।

निर्णय नं. १३: इच्छाकामना गाउँपालिका ६ नं. वडामा रहेका सिद्दिविनायक युवा क्लबलाई स्थानीय स्तरमा आयोजना हुने सभा समारोह सञ्चालन सहयोगको लागि ४० थान प्लास्टिक कुर्ची र ६० थान स्टिल गिलास तथा सोही वडामा रहेको ढुङ्गे आमा समूह लाई २० थान प्लास्टिक कुर्ची गाउँपालिकाको कार्यालयबाट उपलब्ध गराउने।साथै इच्छाकामना गाउँपालिका ३ नं. वडामा रहेका अन्नपूर्ण आमा समूह, माथिल्लो डुँडे आमा समूह, देउराली आमा समूह र तल्लो डुँडे आमा समूहलाई बढीमा एकमुष्ठ रु.५०,०००।- (अक्षेरेपि पचास हजार मात्र) नबढ्ने गरि माग बमोजिमका सामाग्रीहरु कार्यालयले खरिद गरि उपलब्ध गराउने र उक्त कार्यको खर्च गाउँपालिकाको संघ संस्था सहायता शिर्षकबाट लेख्ने।

निर्णय नं. १४: इच्छाकामना गाउँपालिकाक्षेत्र भित्र मनाइने इच्छाकामना पञ्चमी मेला यस वर्ष मिति २०८१।०८।०५ गतेका दिन पर्न गएकोले उक्त दिन गाउँपालिका क्षेत्रभित्र एक दिन सार्वजनिक विदा दिने ।साथै इच्छाकामना मन्दिरमा कार्यालयको खर्चबाट परम्परागत रुपमा गरिँदै आएको मन्दिर पुजा संरकारी पुजाको रुपमा गर्न र पञ्चमी मेला व्यवस्थापनको लागि तपसिल बमोजिमको पुजा सञ्चालन तथा समन्वय समिति गठन गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

तपसिलः

| | |
|---|---|
| तेज बहादुर शेरचन, ५ नं. वडा अध्यक्ष | - संयोजक |
| उद्गम तिमिल्सिना, लेखा अधिकृत सातौं | - सदस्य |
| तेज कुमार धमला, अधिकृत छैटौं | - सदस्य |
| डा. सुनिल ज्ञवाली, पशु चिकित्सक | -सदस्य |
| राम प्रसाद बोहोरा, इच्छाकामना मन्दिर व्यवस्थापन समिति अध्यक्ष | - सदस्य |
| यान बहादुर गुरुङ, इच्छाकामना मन्दिर व्यवस्थापन समिति सचिव | - सदस्य |

**निर्णय नं. १५:** आ.व. २०८१।०८२ को ठेक्का नं. NCB/IRM/10/081/082, "Upperdangadi Parisharma Kothghar Puna Nirman tatha Purwadhar Nirman" कार्यका लागि बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुसँग उक्त निर्माण कार्य पुरातात्विक डिजाइन अनुसार निर्माण गर्नुपर्ने भएकोले Construction Experience and Key Activities on Temple/Monument/Archeological Building आदि सँग सम्बन्धित थप कागजातहरु माग गर्ने।

इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुरिनटार, चितवन बागमती प्रदेश, नेपाल

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner